PRESS RELEASE

# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान व्युरो
## बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-४५

**"भिजिट भिसामा ओमान पुर्याई बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ"**

**जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (२९६)** लाई ओमानमा राम्रो आम्दानी हुने वैदेशिक रोजगारीमा पठाईदिने भनि प्रलोभन देखाई काठमाण्डौबाट भिजिट भिसामा ओमान पुर्याई बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्तिलाई पीडितको जाहेरीको आधारमा यस व्यूरोबाट खटिएको प्रहरी टोलीले मिति २०८१/०२/०३ गते जिल्ला काठमाण्डौ टोखा नगरपालिका वडा नं. ०९ शिबचोकबाट पक्राउ गरी **मानव बेचबिखन तथा ओसारपसार** मुद्दामा सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट दिन ५ (पाँच) को म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भईरहेको।

**पक्राउ परेको अभियुक्तको विवरण :-**



**नामः- समसुद्दिन खाँ पठान**

**उमेरः-** ५१ वर्ष

**स्थायी वतनः-** जिल्ला रुपन्देही छिपागढ गा.वि.स. वडा नं. ०५ हाल परिवर्तित रोहिणी गा.पा.वडा नं. ०४।

**प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको :-**

- प्रतिवादीले जाहेरवालालाई फ्रि भिसा र फ्रि टिकटमा ओमान देशमा मासिक ४०,००० ।- (चालिस हजार) पारिश्रमिक हुने वैदेशिक रोजगारीमा पठाईदिने प्रलोभन देखाएको,
- जाहेरवालालाई ओमान पठाईदिने भनि काठमाण्डौबाट बसको यात्रा गराई भारत पुर्याई भारतको मुम्बईबाट मिति २०७९/१२/०९ गते भिजिट भिसामा ओमान पुर्याएको,
- जाहेरवालालाई ओमानको एअरपोर्टमा पुर्याएपश्चात राहदानी लगाएतका कागजातहरु नियन्त्रणमा लिई ओमानी मुलको एजेन्टलाई जिम्मा लगाएको,
- ओमानी मुलको एजेन्टले जाहेरवालालाई ओमानी नागरीकको घरमा पुर्याई बेचबिखन गरी कमिसन बापतको रकम लिएको,
- ओमानी नागरीकले जाहेरवालाको स्वास्थ अवस्था नाजुक हुदाँ समेत काममा लगाई चरम श्रम शोषण गरेको खुल्न आएको,
- जाहेरवालाले आफु ओमान काम नगर्ने नेपाल फिर्ता गरिदिन भनि हालका प्रतिवादिलाई आग्रह गर्दा निजले रु. ९०,००० ।- (नब्बे हजार) रकम माग गरेको,
- जाहेरवालाले नेपालमा रहेका आफन्तलाई सम्पर्क गरी प्रतिवादीले उपलब्ध गराएको खातामा रु. ४०,००० ।- (चालिस हजार ) रकम जम्मा गर्न लगाएपश्चात पनि ओमानबाट फिर्ता नगराईदिएपश्चात निजको आफन्तले मिति २०७९/११/२१ गते मानव वेचबिखन अनुसन्धान व्युरोमा निवेदन दिएपश्चात ब्युरोको पहलमा मिति २०८१/०१/१८ गते नेपाल उद्धार भई जाहेरी दरखास्त दिएको।
- यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको।

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर: ९८५१२८११६०**

**मितिः २०८१/०२/०६ गते।**